स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सुपरस्टार राजेश हमाल ७ वर्षपछि फिल्मको छायांकनमा फर्किएका छन् । उनको मुख्य भूमिका रहने फिल्म 'नरसिंहा अवतार'को बालाजुस्थित एनएफडिसी स्टुडियो (नेपाल चलचित्र विकास कम्पनी)मा बिहीबार बिहान मुहूर्त गरेसँगै छायांकन सुरु गरिएको हो । छायांकन सुरु गरिएसँगै आगामी फागुन १४ गते अर्थात् महाशिवरात्रिलाई फिल्मको प्रदर्शन मिति पनि घोषणा गरिएको छ ।

आजको विचार...



हाम्रो...
(दुई पेजमा)

डा. सन्जिब हुमागाई



दशैंको अवसर पारेर यही असोज १७ गते घटस्थापनाबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'बेहुली फ्रम मेघौली'को 'छड्के सलाम' गीत यतिबेला चर्चामा छ । टिजर र ट्रेलरले पनि राम्रो 'हाइप' बनाएपछि विदेशमा फिल्मको माग चुलिएको छ । र, धमाधम विदेश प्रदर्शन अधिकार बिक्री भइरहेको छ । यसैक्रममा नेपाली फिल्मको ठूलो बजार मानिने अमेरिकामा पनि फिल्म बिक्री भएको छ । सजन काफ्ले र आकाश बरालको लेखन तथा निर्देशन रहेको फिल्ममा स्वस्तिमा खड्का, निश्चल बस्नेत, लुनिभा तुलाधर लगायतको अभिनय छ ।

❐ वर्ष ३० ❐ अंक ७४ ❐ २०८१ असोज १२ गते शनिबार 28 September 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### वरिष्ठ लोकगायकद्वय रायमाझीलाई मातृ शोक



**पाल्पा,** असोज ११/नेपाली लोक संगीतका नक्षत्र तथा वरिष्ठ लोकगायकद्वय नारायण रायमाझी र दुर्गा रायमाझीलाई मातृ शोक परेको छ । पाल्पा माथागढी गाउँपालिका झडेवा निवासी उनीहरूकी ममतामयी माता कृष्णकुमारी रायमाझीको विहीबारराती काठमाडौंस्थित नर्भिक अस्पतालमा उपचारको क्रममा ८२ वर्षको उमेरमा निधन भएको हो ।

रायमाझीको शुक्रबार बिहान पशुपति आर्यघाटमा हिन्दु संस्कार अनुसार अन्त्यष्टि गरिएको रायमाझी कूलदेवता तानसेन नगर समितिका सचिव खिमबहादुर रायमाझीले जानकारी दिए । उनका अनुसार रायमाझीको काजक्रिया पशुपतिमै गरिएको छ । स्वर्गीय रायमाझीका श्रीमान सूर्यबहादुर रायमाझी, तीन छोरा र २ छोरी रहेका छन् । तीमध्ये नारायण र दुर्गा लोक संगीत क्षेत्रमा आवद्ध छन् भने अर्का जीवन रायमाझी शिक्षण पेशाबाट निवृत्त भएका छन् । स्व. रायमाझीको जेठा छोरा लक्ष्मण रायमाझीको भने दुई दशक अगाडि नै निधन भइसकेको छ ।

## मनसुनी वायुको प्रभाव

# कतै भारी वर्षा, कतै बाढीको जोखिम

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज ११/देशभर मनसुनी वायुको प्रभाव रहनुका साथै भारतको उत्तर मध्य महाराष्ट्र र आसपासका क्षेत्रमा रहेको न्यून चापीय प्रणालीको प्रभाव देखिएको छ । जसका कारण देशका अधिकांस ठाउँमा विहीबारदेखि लगातार भारी वर्षा भइरहेको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार देशका धेरैजसो स्थानमा मेघगर्जन र चट्याङसहित हल्का मध्यमदेखि भारी वर्षा भइरहेको छ भने केही नदीहरुमा बाढीको उच्च जोखिम रहेको छ । विभागको बाढी पूर्वानुमान महाशाखाका अनुसार पछिल्लो २४ घण्टामा १६ ठाउँमा वर्षाले चेतावनी तह पार गरेको छ । पाल्पाको जाल्पा र अर्चलेमा समेत धेरै भारी वर्षा भएको छ । जाल्पामा पछिल्लो २४ घण्टामा १४८ र अर्चलेमा १५३ मिलिमिटर वर्षा मापन भएको छ । महाशाखाका अनुसार कोशी प्रदेशको झापामा अति भारी वर्षा भएको छ । झापाका अधिकांश ठाउँमा पछिल्लो २४ घण्टामा २ सय मिलिमिटरभन्दा बढी वर्षा भएको छ ।



चन्द्रगढीमा सबैभन्दा बढी २६३ मिलिमिटर वर्षा मापन भएको छ । त्यस्तै केचनामा पछिल्लो २४ घण्टामा २२२ मिलिमिटर वर्षा मापन भएको छ । त्यस्तै इलाममा समेत अति भारी वर्षा भएको छ । इलाममा पछिल्लो २४ घण्टामा २३७ मिलिमिटर वर्षा भएको छ । झापाको गौरादह र अनारमनी बिर्तामा पनि २ सय मिलिमिटरभन्दा बढी वर्षा मापन भएको छ ।

त्यस्तै त्यस्तै मोरङ, सप्तरी र उदयपुरमा समेत पछिल्लो २४ घण्टामा धेरै वर्षा भएको छ । एक दिनमै १ सयदेखि २ सय मिलिमिटर पानी पर्दा त्यसलाई भारी वर्षा भन्ने गरिन्छ । बाढी पूर्वानुमान महाशाखाले बिहीबार साँझ बाढीसम्बन्धी विशेष बुलेटिन जारी गरी मध्यम, उच्च र अति उच्च जोखिमपूर्ण नदीहरूको सूची सार्वजनिक गरेको छ । उसले मौसम बदली भई ठाउँठाउँमा भारी र उच्च भारी वर्षा हुने उल्लेख गर्दै जल सतह बढ्न सक्ने नदीहरूको विवरण सार्वजनिक गरेको हो । असोज ११ गते नारायणी नदीमा उच्च जोखिम र १२ गते अति उच्च जोखिम रहने विभागको अनुमान छ ।

यस्तै कन्काई नदी ११ गते उच्च जोखिम हुने र अरु समयमा मध्यम जोखिम हुने जनाइएको छ । कमला नदी असोज ११ गते उच्च र १२ गते मध्यम तथा बागमती नदी पँधेरा दोभानमा ११ गते उच्च जोखिम र १२ गते अति उच्च जोखिम रहेको महाशाखाले जानकारी गराएको छ । यस्तै पूर्वी राप्ती रजैयामा असोज ११ गते मध्यम जोखिम रहेको छ भने असोज १२ गते उच्च जोखिम रहेको विवरण सार्वजनिक गरेको छ । यस्तै पश्चिम राप्ती कुसुममा असोज ११ गते मध्यम जोखिम रहेको तर असोज १२ गते भने अति उच्च जोखिम रहेको तथा बबई नदी असोज ११ गते मध्यम जोखिम छ भने असोज १२ गते अति उच्च जोखिम रहेको जनाइएको छ ।

यी उच्च र मध्यम जोखिम रहेका नदी तथा त्यसका सहायक नदीहरूमा जलसतह खतराको तह आसपास र केही क्षेत्रमा खतराको तहसमेत पार गर्ने बाढी पूर्वानुमान महाशाखाले जनाएको छ । नदी आसपासका बासिन्दा, डुबान हुने क्षेत्रका बासिन्दा र पहिरो खस्ने जोखिमयुक्त क्षेत्रका बासिन्दालाई विशेष सावधानी अपनाउन महाशाखाले अनुरोध गरेको छ । आइतबार मध्यान्हपछि मौसममा केही सुधार आउँदै जाने महाशाखाले जनाएको छ । वर्षा निरन्तर भइरहेकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्टको निर्णयानुसार उच्च जोखिम रहेका ५६ जिल्लामा रात्रिकालीन बस नचलाउन आग्रह गरिएको छ ।




# पर्यटकलाई स्वागत गर्दै मनाइयो पर्यटन दिवस

**लुम्बिनी,** असोज ११/विश्व पर्यटन दिवसका अवसरमा बुद्धजन्मस्थल लुम्बिनीमा शुक्रबार पर्यटकलाई स्वागत गरिएको छ । लुम्बिनी प्रदेश सरकारका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपाने, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामा (खेन्पो छिमे)ले पर्यटकलाई खादा र नेपाली ढाकाटोपी लगाइ स्वागत गरेका हुन् ।

जापानी नागरिक युकु शान, भारतीय विद्या बागदी र सुनिल बागदीलाई स्वागत गरिएको हो । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश सरकारका पर्यटनमन्त्री न्यौपानेले लुम्बिनी देशकै गौरव भएकाले यसको विकास र प्रवर्द्धनका लागि प्रदेश सरकार साथमा रहने बताए । उनले लुम्बिनी विकास कोषसँग मिलेर अगाडि बढ्नेगरी योजना बनाउने जानकारी दिए । यस्तै कोषका उपाध्यक्ष डा.ल्हारक्याल लामाले तीन सय ६५



दिन नै पर्यटकलाई स्वागत सत्कार गर्ने वातावरण बनाउनुपर्ने बताए । उनले विदेशीसँगै स्वदेशी पर्यटकलाई समेत लुम्बिनी स्वागत गर्दै यसको प्रवर्द्धनमा सबै एकजुट भएर लाग्न आग्रह गरे । पर्यटन दिवस कार्यक्रममा लुम्बिनी होटल संघ नेपालका वरिष्ठ उपाध्यक्ष लीलामणि शर्माले लुम्बिनीको पर्यटनबाट देशलाई नै समृद्ध बनाउन सकिने बताए । उनले पर्यटन दिवससँगै लुम्बिनीमा पर्यटनको आवागमन वृद्धि गर्ने कार्ययोजना ल्याउन पर्यटनमन्त्रीसँग आग्रह गरे ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## उच्च सतर्कता अपनाऔं

**हाल देशभर अधिकांश स्थानहरूमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । आइतबारसम्म नै मनसुन सक्रिय रहने सम्भावना रहेको मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही तथा सुदूरपश्चिम र कर्णाली प्रदेशका थोरै स्थानहरूमा भारी वर्षासँगै गेग्रान बहाव, बाढी, पहिरो र डुबानको जोखिम रहेकाले उच्च सर्तकता अपनाउन महाशाखाले सबैमा अनुरोध गरेको छ । साथै ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्ने र कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा पनि आंशिक असर पर्ने सम्भावना रहेकाले सतर्कता अपनाउनुपर्ने देखिएको छ ।**

**जोखिम बढेपछि सरकारले समेत शुक्रबार र शनिबार दुई दिन रात्रि बस नचलाउन भनेको छ । यो निर्णयलाई सबैले स्वागत गर्नु पर्छ । किन भने यस्तो बेलामा सडक, भासिने, माथिबाट ढुंगा खस्ने, पहिरो जाने जस्ता घटनाहरु घट्न सक्दछन् । विहीबारदेखि निरन्तर परेको अविरल वर्षाका कारण ठाउँ-ठाउँमा बाढी, पहिरोका घटनाहरु बाहिर आउन थालेका छन् । वर्षाले निम्त्याउन सक्ने प्राकृतिक विपद् र समस्याप्रति अहिले नै सर्तक हुन आवश्यक छ । प्रकोप बाजा बजाएर आउँदैन र कुनै स्थान र क्षेत्र तोकेर आउँदैन । तर यसतर्फ पूर्व सतर्कता अपनाउन सकियो भने केही हदसम्म बच्न र बचाउन भने सकिन्छ । नेपाल सरकारले प्राकृतिक प्रकोप न्यूनीकरणका विभिन्न उपायहरू कार्यान्वयन गर्ने जनाए तापनि व्यवहारमा भने लागू हुन सकिरहेको छैन । प्राकृतिक प्रकोपको कुनै समय र सीमा हुँदैन तापनि विश्वमा समय-समयमा आउने भुईंचालो, तुफान, ज्वालामुखी, बाढीपहिरो, आँधीबेहेरी, अतिवृष्टि, अनावृष्टि र संक्रामक रोगहरूजस्ता प्रकोपहरूबाट बर्सेनि थुप्रैको संख्यामा जनधनको क्षति भएका र लाखौंको संख्यामा घरबारबीहिन र घाइते भएका घटनाहरू घटि नै रहेका छन् । प्राकृतिक प्रकोपले मानव जीवनलाई नै तहसनहस गर्ने गर्छ, जुन प्रकोपहरू आकस्मिक र भयंकर हुने गर्छन् । यसर्थ मनसुन सक्रिय रहेकाले त्यसबाट हुन सक्ने क्षतिका बारेमा पहिले नै उच्च सतर्कता अपनाउन जरुरी छ ।**

### Opinion @ Social Network

लास जलाएर फर्किएको मान्छे त फेरि त्यहि ठाँउमा गएर जल्नु पर्छ भने तिमि के का लागि घमन्ड गर्छौं ।

*(आशिका अर्यालको फेसबुक स्टाटसबाट www.facebook.com//aryal.ashika)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हाम्रो अपेक्षाको नयाँ राजनीति



**डा. सन्जिब हुमागाई**

***यसले आर्थिक विकास गर्नु नै राजनीति गर्नु हो भन्ने भाष्यलाई स्थापित गर्न मद्दत गर्‍यो । सन् २००६-०७ को विश्व आर्थिक मन्दी र त्यसको लामो प्रभाव, कोभिड-१९, जलवायु परिवर्तन जस्ता समस्याहरूले चलायमान अर्थतन्त्र प्रायः सबै देशको राजनीतिको अतुलनीय प्रमुख राजनीतिक मुद्दा बनेको छ । नेपाल पनि त्यसको अपवाद बन्न सकेन । यहाँ अलि फरक छ भने नीति, योजना, कार्यान्वयन, अनुगमन र सोही चक्रमा आधारित भएर नीति र योजनाको पुनः तर्जुमा, कार्यान्वयन र अनुगमन चक्रको अभ्यासभन्दा पनि गफ, घोषणा, निर्देशन, परिपत्र र अस्पष्ट विरोधहरू हाबी छन् । नीति योजनालाई कागजको घोडा मान्ने र सबै समस्याको समाधान नेता र उच्च-पदस्थ कर्मचारीहरूको दिमागबाट फ्याट्ट-फ्याट्ट आउने दैवीय क्षमता भएका महान् शासकहरूले भरिएको देशमा छौं हामी ।***

राजनीति के होबाट सुरु गरौं । सन् १९९२ को अमेरिकी राष्ट्रपति निर्वाचनमा बिल क्लिन्टन क्याम्पका गुरु मानिएका कार्भिलले ‘राजनीति ! यो सब अर्थतन्त्र हो, पागल’ भन्ने शब्दावली प्रयोग गरेका थिए र यो धेरै नै प्रचलित पनि भएको थियो ।

यसले आर्थिक विकास गर्नु नै राजनीति गर्नु हो भन्ने भाष्यलाई स्थापित गर्न मद्दत गर्‍यो । सन् २००६-०७ को विश्व आर्थिक मन्दी र त्यसको लामो प्रभाव, कोभिड-१९, जलवायु परिवर्तन जस्ता समस्याहरूले चलायमान अर्थतन्त्र प्रायः सबै देशको राजनीतिको अतुलनीय प्रमुख राजनीतिक मुद्दा बनेको छ । नेपाल पनि त्यसको अपवाद बन्न सकेन । यहाँ अलि फरक छ भने नीति, योजना, कार्यान्वयन, अनुगमन र सोही चक्रमा आधारित भएर नीति र योजनाको पुनः तर्जुमा, कार्यान्वयन र अनुगमन चक्रको अभ्यासभन्दा पनि गफ, घोषणा, निर्देशन, परिपत्र र अस्पष्ट विरोधहरू हाबी छन् । नीति योजनालाई कागजको घोडा मान्ने र सबै समस्याको समाधान नेता र उच्च-पदस्थ कर्मचारीहरूको दिमागबाट फ्याट्ट-फ्याट्ट आउने दैवीय क्षमता भएका महान् शासकहरूले भरिएको देशमा छौं हामी । फेरि राजनीतिमा नै जाऊँ । जरुर अर्थतन्त्र राजनीतिलाई व्याख्या गर्ने अपरिहार्य शब्द हो । राजनीतिशास्त्र र परराष्ट्र सम्बन्धका आधुनिक सिद्धान्तको जननी मानिएको कौटिल्य कृतिको नाम राजनीतिशास्त्र नभएर अर्थशास्त्र राखिएको थियो । प्राचीन ग्रीसमा सार्वजनिक जीवन र व्यक्तिगत जीवनलाई छुट्याइएको थियो । सार्वजनिक जीवन अन्तर्गत नागरिकहरूको गुजारा सम्बन्धी क्षेत्रमा गरिने कामलाई पोलिटिका वा राजनीति भन्ने गरिन्थ्यो ।

यसमा सहभागी हुने व्यक्तिहरूले आफैंले अवलम्बन गर्ने कानुन वा विधि तर्जुमा गरे जुन कालान्तरमा लोकतन्त्रको आधार बन्यो । यसरी हेर्दा आधारभूत रूपमा राजनीति भनेको सार्वजनिक जीवनमा आबद्ध नागरिकहरूले आम नागरिकको हितको लागि छलफल र संवादबाट आवश्यक नीति र नियम निर्माण गर्ने, त्यसको कार्यान्वयनको व्यवस्था गर्दै जाने गतिविधि हो । स्वाभाविक रूपमा शक्तिको बाँडफाँड त्यसको केन्द्रमा हुने नै भयो । राजनीतिलाई दार्शनिकहरूले विविध कोणबाट व्याख्या गरेका छन् । एरिस्टोटलले राजनीतिलाई व्याख्या गर्दा मानिसको चरित्रलाई ध्यान दिएका छन् र भनेका छन्- मानिस एक राजनीतिक जनावर हो । मानिस आफैंमा पूर्ण हुँदैन र सामाजिक सम्बन्धबाट मात्र पूर्णता पाउँछ । आम नागरिकहरूलाई खुशी बनाउनु नै राजनीतिको प्रधान विषय हुनुपर्दछ भन्ने उनको धारणा रहेको छ । म्याक्स वेबरले राजनीतिलाई अति नै सरल तरिकाले परिभाषित गर्दै भनेका छन्- राजनीति भनेको शक्ति र नियन्त्रणको वितरण हो । डेभिड इस्टोनका लागि राजनीति भनेको मूल्य र प्राधिकारको वितरण हो । सारमा राजनीति भनेको शक्ति र प्राधिकारको वितरणको विधि हो । र, यसको सन्तुलनको राजनीतिलाई हामी असल राजनीति भन्न सक्छौं । वर्तमान नेपाली राजनीतिमा शक्ति छ। जरुर त्यसको वितरणमा जटिल समस्याहरू छन् । यद्यपि सरकार र सत्ता हाँकिरहेका नेता, उच्च पदस्थ कर्मचारी एवं दलका नेताहरूसँग कागजमा लेखिएको शक्ति छ । आवश्यक पर्दा परिपत्र वा सर्कुलर जारी गरेर पनि थप शक्ति सिर्जना गर्छन् । तर राष्ट्र र राजनीति हाँक्ने प्राधिकार गुमाउँदै गएका छन् । यो नै आजको हाम्रो देशको सबैभन्दा ठूलो समस्या हो । शक्ति र प्राधिकार सन्तुलनको राजनीति नै हाम्रो परिकल्पनाको नयाँ राजनीति हो ।

नेपालको राजनीतिक बहसमा शक्तिको बारेमा धरै छलफल, चिन्तन गरे पनि प्राधिकार वा अथोरिटीले अझै पनि खासै स्थान प्राप्त गर्न सकेको छैन । प्रायः अथोरिटीलाई अधिकार भनेर अनुवाद वा प्रयोग गरेको पनि देखिन्छ । तर अधिकारले मात्रै अंग्रेजी शब्द अथोरिटीको भावलाई पूर्णता दिन सक्दैन । अधिकार माग गरेर वा लडेर लिने विषय हो भने प्राधिकार आफ्नै मन-मस्तिष्कबाट कुनै व्यक्ति वा संस्थाको विचार वा व्यवहारप्रति सिर्जना हुने विश्वास वा सम्मान हो । अवश्य पनि, यसले नागरिकहरूको व्यवहार र सम्बन्धमा प्रभाव पार्दछ । झट्ट सुन्दा उस्तै सुनिए पनि शक्ति र प्राधिकारमा धेरै भिन्नता छ । सँगसँगै दुई शब्द एकअर्कासँग परिपूरक पनि छन् । जहाँ शक्ति छ त्यहाँ मात्र प्राधिकारको परिकल्पना गर्न सकिन्छ र शक्ति वा प्राधिकारको छलफल एउटा सभ्य समाजलाई आधार मानेर मात्र गर्न सकिन्छ । शक्ति भन्नाले अरूको भावना वा विचारको पर्वाह नगरी आफूले सोचे अनुरूप व्यवहार गर्न लगाउन सक्ने क्षमता हो। तर यस्तो शक्तिले वैधता प्राप्त गर्न प्राधिकार आवश्यक पर्दछ । प्राधिकार चाहिं सरोकारवालाहरूको सहमतिमा सिर्जना हुन्छ । शक्ति व्यक्तिमा मात्रै अन्तरनिहित हुन सक्छ तर प्राधिकार सामाजिक एवं राजनीतिक सम्बन्धमा सिर्जना हुन्छ । जहाँ आफूसँग शक्ति भएका व्यक्ति वा संस्थाले शक्तिको निर्मम प्रयोग नगर्दा पनि आफूले चाहेको नतिजा निकाल्न सक्ने प्रतिष्ठा राख्छन् ।

यहाँ सरोकारवालाहरू स्वस्फूर्त रूपमा व्यवहार गर्छन्। जस्तै, हामी सडक बत्ती नभएको चोकहरूमा ट्राफिक प्रहरीको हातको इशारालाई हेर्दै सवारी चलाउने वा आवतजावत गर्ने गर्छौं । त्यसको लागि ट्राफिक प्रहरीले काँधमा बन्दुक बोक्नु वा हवाई फायर गर्नुपर्दैन । यदि तपाईंलाई विगतको तुलनामा ट्राफिक प्रहरीलाई सडकमा टेर्न छोडेको जस्तो लाग्दछ भने ट्राफिक प्रहरीले शक्ति होइन प्राधिकार गुमाएको हो । राजनीतिमा प्राधिकार हुनु भनेको नेतृत्वमा रहेका व्यक्तिहरूको विचारलाई नागरिक वा मातहतका कर्मचारी, वा सोही दलका कार्यकर्ताले स्वीकार एवं सम्मान गर्दै स्वस्फूर्त रूपमा अनुसरण गर्ने अवस्था हो । नेतृत्व सँगसँगै सरोकारवालाको आचरण वा क्षमता र उनीहरूको सम्बन्धले प्राधिकारको अवस्थालाई निर्धारण गर्दछ ।

खल्लो लाग्ला एउटा सिधा उदाहरण हेरौं : यदि कुनै दलका बहुसंख्यक कार्यकर्ताहरू अराजक छन् भने सो दलमा जति नै असल, इमानदार, सक्षम नेताहरू रहे पनि उनीहरूको विचार सो दलमा कार्यान्वयन हुने सम्भावना कम हुन्छ । यो उदाहरण राजनीतिक दलमा मात्रै लागू हुने होइन । राज्यका हर तह र निकाय, सार्वजनिक एवं सामाजिक संस्थाहरूमा पनि उत्तिकै लागू हुन्छ । प्राधिकार हाम्रो परिकल्पनाको नयाँ राजनीतिको बहसको केन्द्रबिन्दु हुनुपर्दछ । त्यस्तो राजनीतिमा प्रधानमन्त्रीदेखि हर कार्यालयका प्रमुखहरूले आफूले कसैको असहयोग वा कसैसँगको सम्बन्धका कारण खोजेको नतिजा दिन सकिन भन्ने गुनासो गरेर झारा टार्ने अवस्थाको परिकल्पनासम्म पनि गर्न सकिंदैन । त्यसो बोल्नु भनेको नै नेतृत्वमा प्राधिकार नरहेको प्रमाणित हुनु हो भन्ने भाष्य राजनीतिमा स्थापित हुनुपर्दछ । राजनीतिमा प्राधिकार स्थापित हुन नेता वा कर्मचारीको बोलीप्रति आम नागरिकले विश्वास गर्ने वातावरण बन्नुपर्दछ । त्यो विश्वास सिर्जना कसरी गर्न सकिन्छ, नयाँ राजनीतिको प्रधान प्रश्न बन्नुपर्दछ । नेताले कर्मचारीलाई र कर्मचारीले राजनीतिक नेतृत्वलाई सार्वजनिक रूपमा नै दोषारोपण गरेर आफूलाई पानीमाथिको ओभानो बनाउने गलत संस्कारको अन्त्य त्यो नयाँ राजनीति र प्राधिकार स्थापनाको अकाट्य प्रस्थान बिन्दु हो । दोषारोपणको राजनीति । देश भित्र हुने हरेक घटनामा विदेशीलाई देखाएर आफू चोखिने राजनीति । २-४ जना वरिष्ठ नेतालाई कोठाभित्र सहमति गरेर लोकतन्त्रमाथि नै उपहास गर्ने राजनीति । राज्यको सेवा र सुविधाको अधिकतम प्रयोग गरेर सुकिलामुकिला कपडा लगाएर निर्वाचित जनप्रतिनिधिलाई खिसिट्युरी गर्ने राजनीति । आफ्नो सिद्धान्त, नीति र कार्यक्रम नै स्पष्ट नहुने राजनीति । सदनलाई बाइपास गर्ने राजनीति ।

यीसँगै नेपाली जनतालाई विभाजित गर्दै, निराशा र नैराश्यता छर्ने र हाम्रो देशलाई विश्व मानचित्रमा सानो र कमजोर देश भनेर चिनाउन तल्लीन सबै प्रकारका पुराना र पाखण्डी राजनीतिलाई बिदाइ नगर्दासम्म नयाँ राजनीति स्थापित हुन सक्दैन । राजनीतिक दल र त्यसको नेतृत्व राज्य सञ्चालनको सिद्धान्तमा आधारित नीतिमा अडिग रहेर आफ्नो नीति एवं कार्यक्रमको बारेमा जनसमर्थन जुटाउन आम नागरिकसँग संवाद गर्ने, जनतासँगको संवादबाट आफ्ना नीति एवं कार्यक्रमलाई परिष्कृत गर्ने पद्धतिलाई अनुसरण गर्ने क्षमता र तत्परता देखाउँदा मात्र नयाँ राजनीति सम्भव छ ।

जब दलहरू त्यस्तो राजनीतिमा अविचलित रहन्छन्, त्यहाँ कर्मचारीले निर्वाचित नेतृत्वलाई नटेर्ने भन्ने हुँदै हुँदैन । राजनीतिक दल र नेतृत्वले प्रस्टसँग बुझ्नुपर्‍यो २१औं शताब्दीमा राजनीतिक प्राधिकार जनतासँगको निरन्तरको संवादबाट मात्र प्राप्त गर्न सकिन्छ । आम नेपाली जनतासँग रहेको सूचना, समाज, अर्थतन्त्र र राज्य सञ्चालनको बारेमा उनीहरूको धारणा एवं मागलाई नजरअन्दाज गर्ने दल र नेताको राजनीतिक भविष्यमा कालो बादल लागिसकेको छ । तसर्थ, भावना र इमानदारी सहितको ‘संवाद’ नै हामीले परिकल्पना गरेको नयाँ राजनीति हो । यसले लोकतान्त्रिक राजनीतिको जीवनको रूपमा रहेको प्राधिकारलाई स्थापित गर्दछ र अहिलेको शक्ति केन्द्रित पुरानो युगको राजनीतिलाई सदासदाको लागि बिदाइ गर्दछ । ***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । | **तुला** : रमाइलो यात्रा गर्ने अवसर छ । परिवारजनको साथले आशा पलाउनेछ । |
| **वृष** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको काम सम्पादन हुन सक्छ । | **वृश्चिक** : परिश्रमको उपलब्धि राम्रै पाइनेछ । कामले तीव्रता लिनेछ । |
| **मिथुन** : प्रतिस्पर्धामा सफलता मिल्छ । अधुरा कामहरु पूरा हुनसक्छ । | **धनु** : नोकरी गर्नेले सम्मान पाउने छन् । छोटो यात्राको सम्भावना छ । |
| **कर्कट** : रोकिएका काम सुरु हुन सक्छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । | **मकर** : हाँसखेल र मनोरञ्जन पूर्ण समय छ । पारिवारिक सुख मिल्नेछ । |
| **सिंह** : विचार पुर्‍याएर निर्णय लिनुपर्छ । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । | **कुम्भ** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । |
| **कन्या** : काममा सफलता हुनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ । | **मीन** : व्यवसायीको रमाइलो यात्राको योग छ । अतिथिको रूपमा सत्कार पाइएला । |

साहित्य दर्पण

समिक्षा — पुष्कर अथक रेग्मी

# सुमनका सात रङ्ग






अस्मानी, नीलो, हरियो, पहेंलो, रातो, वैजनी र सुन्तला रङ्गगरी सातवटा रङलाई सप्तरंगी इन्द्रेणी भनिन्छ । आकासे नीलोलाई अस्मानी भनिन्छ जसले जीवन अन्तरालको लेखाजोखा गर्दछ । नीलो रङ्ग शान्तिको रङ्ग, हाम्रो झण्डाको किनारको रङ्ग, जसले शान्ति र सुखद् सम्भावनाहरूको खरुोजी गरिरहन्छ । हरियो रङले कलिलो,ताजा, आलो, पूर्वाधार,आजका बालक भोलिका कर्णधार, विज्ञान तथा वातावरण, पर्यवरण भन्ने बुझाउँछ । सुन, पित्तल, सम्पत्ति, धान, मकै, गहुँ आदि पहेला हुन्छन् । वेसार पनि पहेंलो हुन्छ,अर्थात् पहेलो रङ्गले जिन्दगीमा सार खोज्न सिकाउँछ । रक्त, अवीर, सिंदुर, सौभाग्य, वीरता र क्रान्तिको रङ्ग रातो हो । वैजनी रङ्ग रातो र नीलोको मिश्रित रङ्ग हो अर्थात् क्रान्ति र शान्तिको मिलन विन्दु वैजनी पथ हो । जीवन संघर्ष, सफलता र असफलताका कथासहित इतिहासहरू यसै भित्र पर्दछन् । पहेंलो र रातो मिसिएपछि सुन्तला रङ्ग बन्दछ । सुन्तला पृथ्वीको प्रतिक हो । वेसारे जीवनलाई सारयुक्त बनाऊ, सहमति, सहकार्य र एकता गर भन्ने सन्देश दिन्छ ।

सप्तरङ्गले दिने अर्थबोध गराउनुका साथै सन्देशमूलक, जीवन र जगतमुखी, आदि र अन्त्यसँग सम्बन्धित काव्यहरू "सप्तरंगी सुमन" भित्र संग्रहित रहेका छन् । प्रस्तुत कृतिका लेखक साहित्यकार एवं आगोका परिकल्पनाकार दीर्घबहादुर चन्द हुन् । दीर्घबहादुर चन्दको साहित्यिक उपनाम "सुमन" हो । सुमनको अर्थ पुष्प भन्ने हुन्छ । सप्तरंगी सुमन भन्नाले सात किसिमका थरि थरिका फूलहरू भन्ने हुन्छ । कृतिभित्र यस्तै मखमली, सयपत्री, गुर्दौली, पारिजात, लालुपाते, लालीगुराँस, गुलाब जस्ता फूलहरू रहेका छन् । कृतिभित्र काफिया र रदिफको मिठाससहित धप्प बलेका ३७ वटा गजलहरू रहेका छन् । माया पिरति यौवन रहर र राष्ट्रप्रेम झल्किएका ९ वटा गीतहरू सम्मिलित छन् । यसरी नै ७ वटा सशक्त गद्य कविताहरूले सिञ्चित छन् भने ६ वटा गजव र अजवका मुक्तकहरू रहेका छन् । त्रिपदीय काव्य सुसेलीहरू ३१ वटा रहेका छन् । जुन लोकलयमा आधारित गेयात्मक छन् । लघुतम चतुष्पदीय काव्य शीत ४८ वटा र ६८ वटा आगोहरू संग्रहित रहेका छन् । यसैगरी आगोभित्र पर्ने मुक्तागो १० वटा र गजललागो १० वटाले काव्यिक रस्वादनका लागि कृतिलाई महनीय बनाएको छ । गजल, गीत, कविता, मुक्तक, सुसेली, शीत र आगो गरी सात किसिमका काव्यहरू संग्रहित रहेकाले नै यसको नाम सप्तरंगी सुमन रहन गएको हो । जुन अत्यन्त सान्दर्भिक र अर्थपूर्ण रहेको छ । कृति भित्र कहीं कतै भाषा, व्याकरण र संरचनात्मक त्रुटीहरू पनि रहेका छन्, जसलाई आगामी दिनमा अझ परिस्कार सहित सच्याउन सकिन्छ । सुखशान्ति मिडियाद्वारा प्रकाशित कृति स्वर्गीय पिताजी प्रजातन्त्र सेनानी मदन चन्दप्रति समर्पित रहेको छ । सर्वश्री साहित्यकार डा.शैलेन्दु प्रकाश नेपाल, पूर्वसहायकरथी तेज प्रकाश बानियाँ, सुदर्शन विक्रम राणा, श्यामसुन्दर ढकाल, दुर्गा अधिकारी भमरकोटे र पुष्कर अथक रेग्मी, हर्कबहादुर साहु र दामोदर ढकालले कृतिमाथि शुभकामनासहित प्रकाश पारेका छन् । लेखक सुमनजीले लेखकीयमार्फत साधन कृति प्रकाशन गर्नुको जानकारीसहित कृतज्ञता ज्ञापन गर्नु भएको छ ।

> *लघुकाव्य उपविधा आगोको परिकल्पनाकारको रूपमा समेत प्रतिष्ठापित साहित्यकार दीर्घबहादुर चन्द 'सुमन'को जन्म २४ भाद्र २०२८ मा नेपालको सुदुरपश्चिम मेलौली नगर पालिका, तितावै, बैतडीमा भएको हो र महेन्द्रनगर कञ्चनपुर हुँदै टोखा ४ धापासी काठमाडौंमा बसोबास गर्दै सेवानिवृत राष्ट्रसेवक सैनिक जीवन बिताउँदै आएका साथै जीवनको दैनन्दिनीलाई चलायमान बनाउन र आफूले सैन्य जीवनमा सिकेका ज्ञान सीप र मनोवृतिहरूलाई व्यवहारिक रूपमै प्रयोगमा ल्याउन सुदुर पश्चिमको चर्चित आँखा अस्पताल गेटा कैलालीको प्रमुख प्रशाशकीय पदमा रही कार्य गरिसकेका छन । भारत, बंगलादेश, श्रीलंका, पाकिस्तान, लेवनान, सेरालियन, गिनी, नर्वे, इटाली, स्विडेन, डेनमार्क, मंगोलिया र चिन लगायतका मुलुकमा भ्रमण गरिसकेका सुमनको काव्यमा विशेषत : राष्ट्रप्रेम अंकित समय बोलेको छ ।*

लघुकाव्य उपविधा आगोको परिकल्पनाकारको रूपमा समेत प्रतिष्ठापित साहित्यकार दीर्घबहादुर चन्द 'सुमन'को जन्म २४ भाद्र २०२८ मा नेपालको सुदुरपश्चिम मेलौली नगर पालिका, तितावै, बैतडीमा भएको हो र महेन्द्रनगर कञ्चनपुर हुँदै टोखा ४ धापासी काठमाडौंमा बसोबास गर्दै सेवानिवृत राष्ट्रसेवक सैनिक जीवन बिताउँदै आएका साथै जीवनको दैनन्दिनीलाई चलायमान बनाउन र आफूले सैन्य जीवनमा सिकेका ज्ञान सीप र मनोवृतिहरूलाई व्यवहारिक रूपमै प्रयोगमा ल्याउन सुदुर पश्चिमको चर्चित आँखा अस्पताल गेटा कैलालीको प्रमुख प्रशाशकीय पदमा रही कार्य गरिसकेका छन । भारत, बंगलादेश, श्रीलंका, पाकिस्तान, लेवनान, सेरालियन, गिनी, नर्वे, इटाली, स्विडेन, डेनमार्क, मंगोलिया र चिन लगायतका मुलुकमा भ्रमण गरिसकेका सुमनको काव्यमा विशेषत : राष्ट्रप्रेम अंकित समय बोलेको छ । करिव तीन दशकसम्म राष्ट्र जनसेवाको सुरक्षार्थ तैनाथ समर्पित व्यक्तित्व दीर्घबहादुर चन्दले उपनाम "सुमन"बाट फुर्सदमा साहित्यको सेवा गरिरहेका थिए भने सेवानिवृत जीवनलाई झनै काव्यमय बनाइरहेका छन् । अझ भन्नुपर्दा दिनानुदिन साहित्य सिर्जनालाई आगोमय बनाइरहेका छन् । आगोको माध्यमद्वारा सप्तरङ्गी सुमन लघुकाव्यको दुनियाँमा तहलका नै मच्चाउदै आएका छन् । "सप्तरङ्गी सुमन" भित्रका काव्यहरू स्वादिष्ट छन्, त्यसैले यो महनीय छ । सात काव्यहरूको संग्रह भएकाले मननीय छ । लघुकाव्य उपविधाहरूमा आधारित भएकाले अवलोकनीय रहेको छ । आगो, शीत, सुसेली भनेका के हुन् भन्नेहरूका लागि अनुसन्धाननीय रहेको छ । सकारात्मक सोच र सन्देशमूलक काव्य भएकाले अनुकरणीय रहेको छ । अरूभन्दा फरक कृति भएकाले उदाहरणीय रहेको छ र नेपाली काव्य साहित्यको इतिहासमा संग्रहणीय कृतिको रूपमा रहेको छ । कृतिगत सफलता सहित साहित्यकार दीर्घ बहादुर चन्द 'सुमन'को बाँकी जीवन लघुकाव्यमय बनिरहोस्


**- शुभकामना !**

***(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष ,स्रष्टा र समीक्षक समेत हुन्)***

समिक्षा — भागवत खनाल

# 'पाल्पामा नेपाल भाषा साहित्यको इतिहास' पुस्तकको चर्चा






'पाल्पामा नेपाल भाषा साहित्यको इतिहास' नामक पुस्तक हालै तानसेनमा लोकार्पण भएको छ । पाल्पाली साहित्यकारहरु राजेन्द्र गोपाल सिंह र पुष्कर अथक रेग्मीले वृहत् अनुसन्धान र अन्वेषण गरेर तयार पारेको पुस्तक र लेखकका बारेमा यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

पुस्तकको चर्चा गर्नु अघी लेखकहरुको परिचय गराउन सान्दर्भिक ठान्दछु । यस पुस्तकका लेखक राजेन्द्रगोपाल सिंह पाल्पाली साहित्यका अविश्रान्त अनुसन्धाता हुन् । प्रस्ट र प्रखर वक्ताको छवि बनाएका उनी राजनीतिमा पनि सक्रिय छन् । पाल्पा साहित्य समाजका पूर्व अध्यक्ष समेत रहेका राजेन्द्र एउटा सफल लेखक हुन् । उनी साहित्यिक मनहरूलाई जागरुक बनाइरहने एक लगनशील अभियन्ता पनि हुन् । तानसेन बजारमा बसोवास भए ता पनि राजेन्द्र साहित्यिक, सामुदायिक र सांस्कृतिक लगायतका विभिन्न कार्यक्रमका सिलसिलामा पाल्पाका गाउँ-गाउँमा पुगिरहन्छन् । त्यसै क्रममा उनले स्थानीय साहित्य, इतिहास र संस्कृतिका विविध आयामबारे सोधखोज एवं परिचर्चा गर्ने गर्दछन् । अर्का लेखक पुष्कर रेग्मीले त आफ्नो नामको पछाडी 'अथक' उपनाम जोडेर कर्मक्षेत्रमा कहिल्यै नथाक्ने स्वभावलाई सार्थक बनाएका छन् । उनी नयाँ र विलक्षण विचारको बीजारोपण गर्न बिछट्ट सिपालु छन् । पाल्पाली इतिहासका अविरल उत्खननकर्ता हुन् अथक । उनी पाल्पा साहित्य समाजका वर्तमान अध्यक्ष पनि हुन् । अथक पाल्पामा रहेका धेरै संघसंस्था र सामुदायिक गतिविधिमा सक्रिय छन् ।

प्रस्तुत पुस्तक पाल्पामा नेपाल भाषा एवं साहित्यको विगतलाई गहन खोजतलास र अनुसन्धान गरेर तयार पारिएको शोधग्रन्थ हो । राजेन्द्र र पुष्करले छरिएर रहेका पुराना स्रष्टाहरूलाई एउटै पुस्तकरूपी मालामा उनेर अभिनन्दनीय काम गरेका छन् । पुस्तक छरितो आकारमा रहेकाले एउटै बसाँइमा पढेर भ्याउन सकिन्छ ।

पाल्पामा नेपाल भाषाको खोज एवं अनुसन्धानलाई सम्मान र आत्मसात् गर्दै सात जना साहित्यप्रेमी व्यक्तिहरू मिलेर यो पुस्तक प्रकाशन गरेकमा छन् । यो एउटा चाखलाग्दो पक्ष हो र यसबाट लेखक द्वयलाई ठूलो प्रोत्साहन मिलेको छ । यसले साहित्यप्रेमी समुदायमा एउटा नयाँ किसिमको सन्देश प्रवाह गरेको विश्वास छ । कुनै पनि खोज, अनुसन्धान र अनुशीलन पूर्ण हुँदैन । ऐतिहासिक प्रसंगलाई लिएर लेखिएका विषयमा त झन् जहिल्यै पनि थप खोजीनीति, छानबिन र विवेचनाको गुञ्जाइस रहिरहन्छ । अनि त्यही गुञ्जाइसले नै नयाँ -नयाँ रहस्यको उद्घाटन तथा उजागर गर्न प्रेरणा दिन्छ । लेखकद्वय राजेन्द्र र पुष्करले यस क्षेत्रमा एउटा पवित्र सुरुवात गरेका छन् । यसमा अतिरिक्त अनुसन्धान गरेर पाल्पामा नेपाल भाषाको श्रीवृद्धिमा योगदान गरेका अन्यान्य पाल्पाली महानुभावहरूलाई जनमानस सामु प्रस्तुत गर्ने जिम्मेवारी अब साहित्यप्रेमी युवाको काँधमा आएको छ । पहिलो गोरेटो खन्न कठिन हुन्छ । त्यसलाई अनुगमन गर्दै फराकिलो लोकमार्ग बनाउन तुलनात्मकरूपमा सहज हुन्छ । यो सुन्दर गोरेटो खन्ने मुस्किल कार्य सम्पन्न गरेकोमा राजेन्द्र र पुष्करलाई हार्दिक बधाई र धन्यवाद छ ।

लघुकथा — डा. टीकाराम पोखरेल

# धूमिल चित्र

भित्तामा चित्र झुण्डिएको छ । यो चित्र भित्तामा झुण्डिएको पाँच दशक नाघिसक्यो ।

रम्भा बेडमा पल्टेकी छन् । रम्भाका आँखा चित्रतिर केन्द्रित छन्, चित्र धूमिल देखिन्छ । यो चित्र पहिले चमकदार थियो । तर आज धूमिल छ । रम्भा स्वभावैले प्रकृतिप्रेमी हुन् । रम्भाले प्रदर्शनीबाट त्यो चित्र किनेर ल्याएकी थिइन् । चित्र स्निग्ध थियो । चित्रमा पहाडको पृष्ठभूमि, माथितिर हिमाल, हिमालमाथि स्वच्छ नीलो आकाश, पहाडलाई दुई भाग पार्दै कलकल बगेको खोला, तलतिर अलिकति हरियो वन, छेउमा चर्दै गरेको एउटा हरिण र यो सबैलाई हेरिरहेकी एक सुन्दर युवतीको तस्वीर थियो । चित्रमा रहेकी युवतीको तस्वीर रम्भालाई आफैं झैं लागेको थियो । चित्रमा संसारको सबै कुरा अटाए झैं लाग्थ्यो । एउटै चित्रमा सम्पूर्णता देखेकै कारण चित्रकला प्रदर्शनीमा त्यो चित्र रम्भाको आँखामा परेको थियो । प्रकृतिको सुन्दर चित्रण भएकै कारण रम्भाले त्यो चित्र प्रदर्शनीबाट किनेर ल्याएकी थिइन् र भित्तामा झुण्ड्याएकी थिइन् । जिन्दगीदेखि निराश हुँदा रम्भा त्यही चित्र हेर्थिन् र बिस्तारै रोमाञ्चित हुन्थिन् । त्यही चित्रलाई घण्टौं हरेर रम्भाले आफ्नो जीवन व्यतीत गरेकी थिइन् । तर आज रम्भालाई अचम्म



लागिरहेछ, आफ्नै मनमा प्रश्न उठिरहेछ- 'चित्र किन धूमिल छ ? कसले धूमिल बनायो ? को आयो यो घरमा त्यति राम्रो चित्रलाई कुरूप बनाउन ? आखिर यो घरमा म त वर्षौंदेखि एक्लै छु ।' रम्भा धूमिल चित्र सफा गर्न कपडा लिएर चित्रतर्फ अगाडि बढ्छिन् । चित्र पुस्छिन् । अनि चित्रलाई एक पटक फेरि नियालेर हेर्छिन् । तर चित्र सुन्दर र स्निग्ध देखिंदैन । चित्र झनै फुस्रो लाग्छ रम्भालाई । अनि रम्भालाई लाग्छ- 'यो चित्र धेरै पुरानो भैसक्यो । शायद रङ्ग उड्यो ।' रम्भाले नयाँ चित्र ल्याएर पुरानो चित्रको ठाउँमा राख्ने सोच बनाइन् । नयाँ चित्रका लागि आर्ट ग्यालरीमा फोन गर्न टेबलबाट मोबाइल उठाउँदै गर्दा टेबल अगाडि भित्तामा टाँगिएको ऐनामा रम्भाको नजर पर्‍यो । ऐनाभित्र रम्भाको आकृति थियो । कपालहरू तिलचामले देखिए । आफ्नै आँखाले आफ्नै आँखामा तेज कम देख्यो । आँखा वरिपरि हल्का चाउरी थियो । बलिष्ठ शरीर अलिकति झोलिएको थियो । चित्र बदलिएको थिएन । जीवन बदलिएको थियो । सृष्टि बदलिएको थिएन, दृष्टि बदलिएको थियो । कुनै दिन रम्भाको जवानी अर्कै थियो । भित्तामा झुण्ड्याइएको चित्र जस्तै । उनी आज अर्कै भैसकिछन् । रम्भाले भित्तामा देखेको चित्र जस्तै ।

*-साहित्यपोष्ट डटकम*

# सूचनामा विश्वव्यापी पहुँचको दिवस मनाईंदै



**पाल्पा,** असोज ११/प्रत्येक वर्ष सेप्टेम्बर २८ का दिन मनाइने सूचनामा विश्वव्यापी पहुँचको लागि अन्तर्राष्ट्रिय दिवस नेपालमा पनि आज विभिन्न कार्यक्रम आयोजना गरी मनाईंदै छ । सन् २०१९ अक्टोबर १५ मा संयुक्त राष्ट्र संघको महासभाको ७४ औं सत्रले यो दिवस मनाउने निर्णय पारित गरेको थियो । युनेस्कोको सिफारिस र विश्वमा लोकतन्त्रका लागि सूचनामा पहुँचको आवश्यकतालाई ध्यानमा राखी संयुक्त राष्ट्र संघको महासभाले यो ऐतिहासिक निर्णय गरेको थियो । त्यसबेलादेखि विश्वभर र नेपालले यो दिवसलाई सम्झना मात्रै नभई सूचनाको हकलाई सर्वसाधारण नागरिकका बीचमा पुऱ्याउने उद्देश्यसहित विभिन्न कार्यक्रमको आयोजना गरी मनाउँदै आएको छ । तर २१ औं शताब्दीमा आइपुग्दा पनि कयौं मुलुकका जनताको सुसूचित हुन पाउने अधिकारको सम्मान गर्न नसक्नुले राष्ट्र संघका लागि त चुनौती हो नै, सभ्य र विकसित समाज निर्माणका लागि अघि बढेका भनिएका विकसित मुलुकहरुको प्रयास पनि पर्याप्त देखिएन । राष्ट्र संघद्वारा घोषित मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा-१९ ले हरेक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रता हुनेछ र आफूले चाहेको बेलामा विनाअवरोध आवश्यक सूचनाको खोजी, प्राप्ति र प्रेषणको अधिकार हुनेछ भन्ने उल्लेख हुनुले सम्पूर्ण मुलुकका सम्बद्ध नागरिकका लागि यो महत्वपूर्ण संवैधानिक प्रावधानका रुपमा स्थापित छ । त्यसैले राष्ट्र संघका बाँकी सदस्य मुलुकहरुलाई पनि सूचनाको हकसम्बन्धी कानुन निर्माणमा बाँकी विश्वले पहल गर्नु आवश्यक छ । नेपालको सन्दर्भ उल्लेख गर्नुपर्दा संविधानका केही धाराले व्यवस्था गरेको सूचना सम्बन्धी कानुनी प्रावधानलाई उद्धृत गर्नु आवश्यक हुन्छ । नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा २७ ले सूचनाको हक सम्बन्धी व्यवस्था गरेको छ । यो धाराले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर, कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

# आज 'विश्व रेबिज दिवस'



**पाल्पा,** असोज ११/आज सेप्टेम्बर २८ अर्थात् विश्व रेबिज दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाईंदैछ । रेविजविरुद्ध पहिलो पटक प्रभावकारी खोपको विकास गर्ने वैज्ञानिक लुईस पाश्चरको निधन भएको दिन सेप्टेम्बर २८ मा उनको योगदानलाई स्मरण गर्दै हरेक वर्ष रेविज दिवस मनाउने गरिएको हो ।

यस दिवसको उद्देश्य रेबिजविरुद्धको लडाइँमा सबै समूह, संगठन र सरोकारवालालाई एकजुट गराउने हो । ग्लोबल एलायन्स फर रेबिज कन्ट्रोलले सन् २००७ देखि विश्व रेबिजविरुद्धको दिवसको रुपमा मनाउन थालेको थियो । कालान्तरमा विश्व स्वास्थ्य संगठनले यस दिवसलाई समर्थन गरेको थियो । नेपालले सन् २०३० सम्म रेबिजलाई शून्यमा झार्ने लक्ष्य लिएको छ ।

तर नेपालको सन्दर्भमा रेबिज चुनौती बन्दै गएको चिकित्सकहरुको भनाइ छ । अझै पनि ९९ प्रतिशत रेबिज कुकुरको टोकाइबाट हुने गरेको छ । रेविज रोग, रेविज लागेका कुकुर, स्याल, बिरालो लगायतका पशुको टोकाईबाट मानिस र अरु स्तनधारी प्राणीमा सर्ने प्राणघातक रोग हो । रोगका जिवाणुहरु रोगी पशुको ऱ्यालमा रहने भएकाले त्यस्ता पशुले टोक्दा घाउसँगै मानिसको शरीरमा प्रवेश गरी रोग उत्पन्न गर्छन् । मानिसको शरीरमा रेविजको भाइरस प्रवेश गरेको ३० देखि ६० दिनमा रोग देखा पर्छ । तर कम्तीमा १० दिनमै वा वर्षौंपछि पनि देखा पर्न सक्ने सम्भावना हुने चिकित्सकले बताएका छन् । रेविज प्राणघातक रोग भएकाले रोगबाट जोगिन खोप लिनै पर्ने तथा बौलाहा पशुले टोकेको शंका लागेमा तत्काल साबुन पानीले धुने जस्ता रोकथामका उपाय अपनाउनुपर्ने चिकित्सकको सुझाव छ ।

# पर्यटकलाई स्वागत...

...'पर्यटन र शान्ति' भन्ने नारासहित मनाइएको पर्यटन दिवसमा लुम्बिनीमा भने यात्रा, अध्यात्म र चिन्तनमार्फत शान्तिको प्रवर्द्धन गरौं नारा तय गरी मनाइएको कोषका सूचना तथा जनसम्पर्क प्रमुख डा. हरिध्वज राईले बताए । लुम्बिनीमा स्वागत गरिएका पर्यटकलाई लुम्बिनी होटल संघ नेपालले तिलौराकोट, रामग्रामलगायत क्षेत्रमा एक दिन भ्रमण र बासको व्यवस्था गरेको अध्यक्ष गोविन्द ज्ञवालीले जानकारी दिए । उक्त कोषको आयोजनामा भएको कार्यक्रममा लुम्बिनी सांस्कृतिक नगरपालिका, लुम्बिनी होटल एशोसिएसन, लुम्बिनी पर्यटन व्यवसायी संघ, महामाया रिक्सा चालक संघ, लुम्बिनी स्थानीय पथप्रदर्शक संघ, लुम्बिनी अन्तर्राष्ट्रिय विहारहरूको सहभागिता रहेको थियो । लुम्बिनीमा सन् २०२४ को अगस्ट महिनासम्म आन्तरिक र बाह्य गरी छ लाख १२ हजार चार सय ७७ जना पर्यटकले भ्रमण गरेका छन् । अघिल्लो वर्ष करिब १० लाख पर्यटकले लुम्बिनी भ्रमण गरेका थिए । यस वर्षको याममा सुरु भएकाले पर्यटक संख्या बढ्ने अनुमान गरिएको छ । प्रत्येक वर्ष सेप्टेम्बर २७ तारिखका दिन विश्व पर्यटन दिवस मनाउने गरिन्छ ।

*-रासस*

## खेलकुद समाचार

# एपीएफ सुपर लिगमा



काठमाडौं, असोज ११/ एन्फा महिला लिग २०८१ मा लिग चरणको अन्तिम खेलमा बागमती युथ क्लबलाई ५-० ले पराजित गर्दै एपीएफ सुपर लिग प्रवेश गरेको छ ।

एपीएफ अपराजित रहँदै सुपर लिग प्रवेश गरेको हो । एन्फा कम्प्लेक्स सातदोबाटोमा भएको खेलमा एपिएफको जितमा शुक्रबार रश्मि कुमारी घिसिङ्ले चार गोल गरिन् । रश्मीले ३५ औं मिनेटमा गोल गर्दै एपिएफलाई अग्रता दिलाएकी थिइन् । पहिलो हाफमा बागमतीले सुनिता भुलानलाई लाग्दै आत्मघाती गोल बेहोर्न पुग्यो । ४० औं मिनेटमा अनिता बस्नेतको कर्नरमा रश्मि कुमारी घिसिङको हेडर सुनिता भुलानलाई लाग्दै गोल भएको हो ।

पहिलो हाफमा २-० को अग्रता बनाएको एपिएफले दोस्रो हाफमा ७ गोल थप्यो र खेल बागमतीबाट निकै टाढा लग्यो । दोस्रो हाफमा ४७ औं मिनेटमा अनिता बस्नेतले गोल गरिन् । खेलको ५७ औं, ८२ औं र ८८ औं मिनेटमा रश्मि कुमारी घिसिङ्ले गोल गरिन् । त्यस्तै, इन्जुरी समयमा सविता राना मगरले गोल गर्दै एपिएफलाई ७-० को जित दिलाइन् । बागमतीको भने यो सिजनको यो अन्तिम खेल थियो ।

एपिएफ ९ खेलमा १ बराबरी सहित २५ अंक सहित शिर्ष स्थानमा रहँदै सुपर लिग प्रवेश गरेको हो । बागमती भने शिर्ष पाँचबाट बाहिरिइसकेको छ । बागमतीले ९ खेलमा ३ जित, १ बराबरी र ५ हार सहित सिजन सकेको छ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सुन तोलाको १ लाख ६१ हजार २ सय पुग्यो



**पाल्पा,** असोज ११/पछिल्ला केही महिना यता नेपाली बजारमा सुनको भाउ लगातार उकालो लागेको छ । निरन्तर किर्तिमान बनाउँदै आएको सुनले शुक्रबार पनि नयाँ रेकर्ड बनाएबको छ । तोलामा पाँच सय रुपैयाँले वृद्धि हुँदा सुन हालसम्मकै महँगो हुन पुगेको छ ।

अन्तर्राष्ट्रिय बजारमा भएको वृद्धिको प्रभाव स्थानीय बजारमा पर्दा सुनको मूल्यमा नयाँ कीर्तिमान कायम भएको हो । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार, बिहीबार प्रतितोला १ लाख ६० हजार ७ सय रुपैयाँमा कारोबार भएको छापावाला सुन शुक्रबारका लागि १ लाख ६१ हजार २ सय रुपैयाँ निर्धारण भएको छ । चाँदीको मूल्यमा भने कुनै परिवर्तन भएको छैन । महासंघले चाँदीको मूल्य प्रतितोला १ हजार ९ सय ५५ रुपैयाँ निर्धारण गरेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य अझै बढेर जाने अनुमान गरिएको छ । तर कतिसम्म बढ्छ भन्ने जवाफ कसैसँग छैन् । दुर्लभ पहेलो धातुको मूल्य विश्व बजारमा यसको मागमा निर्भर हुने गर्छ । किनभने यसको आपूर्ति सीमित छ । निरन्तर मूल्य बढ्दै गएपछि उपभोक्तामा नयाँ गहना किन्ने सामर्थ्य हराउँदै छ । बरु भएका पुराना गहना बेच्ने ग्राहकको भिड लाग्न थालेको देखिएको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ ।

अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

## बिमालेख हराएको सूचना

यस कम्पनीबाट जारी गरिएको तपसिल बमोजिमको बीमालेख बीमितले तानसेनदेखि पूर्वखोला जाने क्रममा बाटोमा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा यस कम्पनीको नजिकैको शाखा कार्यालयमा बुझाउनु हुन अनुरोध गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र नभेटिएमा वा दावी नआएमा नियमानुसार बीमालेखको प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सुचित गरिन्छ ।

| क्र.स | बीमालेख नम्वर | बीमितिको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ५१७०००८९९ | सनम ढेंगा | पूर्वखोला-५, पाल्पा |

IMELIFE

आई.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
तानसेन, पाल्पा
सम्पर्क नं. : ९८४७४३६३६७,०७५-५२२३६०


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई